नेपाल सरकार

जनसंख्या तथा वातावरण मन्त्रालय

**वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र**

# सार्वजनिक शिक्षण संस्था, गाउँपालिका भवन तथा स्वास्थ्य केन्द्रहरुमा सौर्य ऊर्जा प्रणाली जडानका लागी आवेदन सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति : २०७४/०६/२७

निवेदन बुझाउने अन्तिम मिति :२०७४/०७/१६

नेपाल सरकार, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले यस आ. व. २०७४/७५ मा सार्वजनिक शिक्षण संस्था, गाउँपालिका भवन, स्वास्थ्य केन्द्र, हेल्थपोष्ट, सव हेल्थपोष्ट, बर्थिङ्ग सेन्टर, सरकारी वा सामुदायिक अस्पताल र सर्पदंश स्वास्थ्य उपचार केन्द्रहरुमा सौर्य ऊर्जा प्रणाली जडान गर्ने कार्यक्रम ल्याएको छ । यस कार्यक्रम अन्तर्गत सौर्य ऊर्जा प्रणाली जडान गर्न इच्छुक सघं संस्थाहरुले तपसिलमा उल्लेखित कागजात संलग्न गरी यस केन्द्रले तयार गरेको पुर्व संभाव्यता अध्यन फारम भरी यस केन्द्रमा दर्खास्त दिनुहुन यो सुचना जारी गरिएको छ । पुर्व संभाव्यता अध्यन फारमको ढाँचा एवं यस कार्यक्रम सम्बन्धि सम्पूर्ण जानकारी यस केन्द्रको वेब साइट www.aepc.gov.np बाट लिन सकिनेछ ।

तपशिल

आवश्यक कागजातहरु :

१. सम्बन्धित निकाय वा सघं संस्थाको निवेदन ।

२. पूर्व संभाव्यता अध्ययन फाराम (वेवसाइट बाट प्राप्त गर्न सकिने) ।

३. सम्बन्धित गाउँपालिका/नगरपालिका /महानगरपालिका/उप महानगरपालिकाको सिफारिस ।

सम्पर्क ठेगाना :

**वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र**

सौर्य ऊर्जा उप शाखा

खुमलटार हाइट, ललितपुर,पो.ब.नं १४३६४

फोन नं ९७७-१५५३९३९०/५५३९३९१